म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१७ अङ्कः- १३८ २०८२ चैत २७ गते शुक्रबार 10 April 2026, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

## उपचारको क्रममा मृत्यु

हेटौँडा : सिन्धुपाल्चोक जिल्लाको लिसंखु पाखर गाउँपालिका-२, लिसंखुमा पर्खालबाट खसेर घाइते भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ५६ वर्षीय मिनबहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

तामाङ चैत १४ गते राती १० बजेको समयमा आफ्नै घरको आँगनको पर्खालबाट ३ मिटर तल खस्दा टाउको र खुट्टामा चोट गम्भिर घाइते भएका थिए । उनलाई उपचारका लागि काठमाडौँस्थित अर्थोपेडिक अस्पतालमा लगिएको थियो । उनलाई थप उपचारका लागि चैत १५ गते साँझ ६ बजेको समयमा टिचिङ अस्पतालमा रेफर गरिएको थियो । उपचारका क्रममा मंगलबार साँझ ६ बनेर ४४ मिनेटको समयमा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## सत्तापक्ष बाटै सरकारको आलोचना

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सभाको बैठकमा सत्तारुढ दलकै प्रदेश सभा सदस्यले सरकारको आलोचना गरेका छन् । प्रदेशमा कांग्रेसको नेतृत्वमा इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री रहेका छन् । उनको नेतृत्वको सरकारले नागरिकमा विकास र डेसलभरि दिन नसकेको प्रदेश सभा सदस्यहरुको भनाई छ ।

प्रदेश सभा सदस्यहरुले प्रदेश सरकारको कामकारवाही बारेमा समेत समिक्षा गरेका थिए । बजेट कार्यान्वयनको फितलो अवस्था, अलपत्र आयोजना र कर्मचारीतन्त्रको ढिलासुस्तीलाई लिएर उनीहरुले सरकारको ध्यानाकर्षण गराएका थिए । कांग्रेस प्रदेश सभा सदस्य रमेश कुमार महतले प्रदेश सरकारले विगत आठ वर्षमा गरेका लगानीको प्रतिफल खोज्नुपर्ने बताए । उनले सरकारले सुरु गरेका ठुला आयोजनाहरु सञ्चालनमा नआएकोमा प्रश्न गरे । 'हामीले बनाएका मिल्क पाउडर कारखाना, बधशाला र शीत भण्डारहरु किन सञ्चालनमा आएनन् ? करोडौँको लगानी बालुवामा पानी जस्तो भएको छ । यो प्रदेश सरकारका लागि ठूलो चुनौती हो ।' उनले भने, 'किसानले उत्पादन गरेको आलुको लागत मूल्य प्रतिकिलो १५/१६ रुपैयाँ पर्छ । तर उनीहरु न्युन मुल्यमा बेच्न बाध्य छन् । यस्तो अवस्थामा किसान कसरी बाँच्छन् ? सरकारले उत्पादन र बजारको ग्यारेन्टी गर्नुपर्छ ।'

कांग्रेस प्रदेश सभा सदस्य शान्ता ढकालले बजेट खर्चको अवस्था निराशाजनक रहेको भन्दै सरकारको ध्यानाकर्षण गराइन् । ८ महिना बितिसक्दा पनि पूँजीगत खर्च २०/२२ प्रतिशत मात्र हुनु लज्जास्पद विषय भएको उनले टिप्पणी गरिन् । वर्तमान सरकार डेलिभरी दिनमा असफल साबित भएको उनको भनाई छ । उनका अनुसार सरकारले जनतामा विकासको अनुभूति गराउ सकेनन् । नेकपाका प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीले पनि बजेट कटौती र योजनाहरुको अन्योलता प्रति असन्तुष्टि व्यक्त गरे । प्रदेश सभा सदस्यले पास गरेको बजेटमा मन्त्रीले कैँची चलाएको भन्दै आक्रोश पोखे । 'सदनले पास गरेको बजेटलाई मन्त्रीहरुले मनपरी ढंगले कटौती गर्ने र शून्यमा पुऱ्याउने काम गरेका छन् । यो संसदीय गरिमाको विरुद्ध छ । विशेषगरी मकवानपुर क्षेत्रका योजनाहरु माथि प्रहार गरिएको छ ।' उनले भने ।

राप्रपा प्रदेश सभा सदस्य गिरी बहादुर तामाङले हेटौंडाको सडक विस्तारको नाममा नागरिकलाई सुकुम्बासी बनाउने काम भएको बताए । उनले विकल्प बिना जनताको उठिबास लगाउन नहुने बताए । 'हेटौंडालाई खण्डहर सहर बनाउन खोजिएको छ । सडक विस्तारका नाममा उचित मुआब्जा र विकल्प नदिई घरहरु भत्काउनु अन्याय हो । हामीले पटक-पटक वैकल्पिक बाइपास सडकको कुरा गरेका छौँ । तर सरकारले सुन्दैन ।' उनले भने ।

नेकपा प्रदेश सभा सदस्य अमृता नेपालले प्रदेशभित्र सञ्चालित तालिम र प्राविधिक शिक्षा प्रभावकारी नभएको टिप्पणी गरिन् । ११ वटा मन्त्रालयले तालिमका लागि बजेट छुट्याएका छन्, तर ती तालिमले कति रोजगार सिर्जना गरे ? उनले प्रश्न गरिन् ।

एकीकृत रुपमा तालिम सञ्चालन नगर्दा बजेटको दुरुपयोग मात्र भएको उनको भनाई छ । उनका अनुसार स्वास्थ्य क्षेत्रमा पनि जिल्ला अस्पतालहरुमा विशेषज्ञ डाक्टर पठाउन नसकेको र नागरिकहरु सानो उपचारका लागि पनि अन्यत्र जानुपर्ने बाध्यता रहेको छ । त्यसतर्फ सरकार गमिभर बन्न नसकेको उनको भनाई छ ।

## बागमती प्रदेशसभा सदस्यहरुले भने, 'प्रदेशलाई डमी बनाइयो'

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभाको बैठकमा संविधान प्रद्दत्त अधिकार प्राप्त हुन नसकेको भन्दै प्रदेशसभा सदस्यहरुले गुनासो गरेका छन् । बिहीबार बसेको प्रदेशसभाको बैठकमा संघीय सरकारको कार्यशैली र संघीयता कार्यान्वयनको सुस्ततालाई लिएर प्रदेशसभा सदस्यहरुले गुनासो गरेका हुन् ।

बैठकको विशेष समयमा धारणा राख्दै प्रदेशसभा सदस्यहरुले केन्द्र सरकारले प्रदेशलाई अधिकार दिन नचाहेको, प्रतिशोधको राजनीतिमा अल्झिएको र जनअपेक्षा अनुसार काम गर्न नसकेको प्रति आलोचना गरे । प्रदेशसभा सदस्यहरुले संघीयता आएको वर्षौं भइसक्दा पनि प्रदेशले आफ्नो पूर्ण सामर्थ्य देखाउन नपाउनुको मुख्य कारण केन्द्रको हस्तक्षेपकारी मानसिकता भएको बताए । उनीहरुले संघीय सरकारले प्रदेशलाई एउटा प्रशासनिक इकाइको रुपमा मात्र सीमित राख्न खोजेको बताए । अब अधिकारका लागि सडक र सदन दुवैबाट संघर्ष गर्नुपर्ने अवस्था आएको उनीहरुको भनाई छ ।

बैठकमा बोल्दै नेकपाकी प्रदेशसभा सदस्य सुष्पा भुजेल न्यौपानेले संघीय सरकारले कामभन्दा बढी कुरा मात्र गरेको आरोप लगाइन् । उनले संघीयता र प्रदेश सरकारप्रति जनताको भरोसा टुट्दै गएकोमा चिन्ता व्यक्त गरिन् । उनले केन्द्रले प्रदेशलाई अधिकार दिन बाटो खुला नगरेसम्म संघीयताको औचित्य पुष्टि नहुने तर्क गरिन् । 'यो समय केवल कुरा गर्ने होइन । परिणाम दिने बेला हो । प्रदेश सरकार गठन भएको झन्डै नौ वर्ष बित्न लाग्दा पनि सरकारले आफ्नो भूमिका निर्वाह गर्न सकेन । संघीयता र प्रदेश सरकारप्रति अहिले प्रश्नहरुको चाङ लागेको छ । जनताले आशाको बदलामा शून्य परिणाम पाएका छन् ।' उनले भनिन् ।

एमाले प्रदेशसभा सदस्य कृष्णप्रसाद सिलवालले सरकारले प्रतिशोधको भावनाले काम गरिरहेको बताए । भदौ २३ र २४ गते भएका घटनाहरु र त्यसपछिको राजनीतिक धरपकड गर्दै शिर्ष नेतृत्वलाई पक्राउ गर्न वर्तमान सरकार उद्दत्त रहेको उनले बताए । 'यो सरकार प्रतिशोधको भावनाले अघि बढिरहेको छ । सरकारको राजनीतिक पूर्वाग्रहका आधारमा नेताहरुलाई पक्राउ गर्ने कार्य कानुनी राज्यको उपहास गरेको छ । यस्तो कार्यशैलीले मुलुकलाई अस्थिरतातर्फ लैजान्छ ।' उनले भने । प्रदेशसभा सदस्य हरिप्रसाद सापकोटाले संघीय सरकारको व्यवहारलाई 'जात्रा' को संज्ञा दिए । उनले केन्द्रले प्रदेशलाई अधिकार सम्पन्न बनाउनुको साटो नियन्त्रणमा राख्न खोजेको भन्दै असन्तुष्टि जनाए ।

कांग्रेस प्रदेशसभा सदस्य यमुना देवी श्रेष्ठले राष्ट्रियता र सीमाको विषयमा संघीय सरकार गम्भीर नभएको आरोप लगाइन् ।

...बाँकी पृष्ठ ३ मा

## बागमती प्रदेशसभा
## २ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पारित


प्रदेश सभा बैठकमा सहभागीहरु ।

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभा बैठकले २ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गरेको छ । बिहीबार बसेको प्रदेशसभाको बैठकले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गरेको हो ।

प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले टेबुल गरेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र खानेपानी उर्जा तथा सिंचाई मन्त्री कृष्णकुमार तामाङले टेबुल गरेको खानेपानी तथा सरसफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गरेकी थिइन् । उक्त प्रस्तावलाई प्रदेशसभाका उपस्थित सदस्यहरुले सर्वसम्मत रुपमा पारित गरेका थिए ।

यससँगै उक्त विधेयकहरु माथि प्रदेश सभा सदस्यहरुले संशोधन प्रस्ताव राख्ने छन् । प्रदेशसभा सचिवालयले उक्त विधेयकहरु माथि संशोधन प्रस्ताव राख्न ७२ घण्टाको सूचना जारी गरेपछि प्रदेश सभा सदस्यहरुले दफावार रुपमा ३ महले संशोधन प्रस्ताव राख्नेछन् । त्यसअघि उक्त बैठकमा सो विधेयक माथि सामान्य छलफल भएको थियो । प्रदेशसभाका सदस्यहरुले सो विधेयकको सैद्धान्तिक पक्षमा छलफल गरेका थिए । आर्थिक कार्यविधि सम्बन्धी विधेयकका नेकपाका प्रदेश सभा सदस्य रत्नप्रसाद ढकालले मात्र छलफलमा भाग लिएका थिए भने खानेपानी तथा सरसफलाई सम्बन्धी विधेयकमा नेकपाका प्रदेश सभा सदस्य ढकाल, कांग्रेसका प्रदेश सभा सदस्य रामकृष्ण चित्रकार, पुकार महर्जनले छलफलमा भाग लिएका थिए । उक्त विधेयकहरुमा उठेका प्रश्नहरुको मन्त्रीद्वय प्रभात तामाङ र कृष्णकुमार तामाङले जवाफ दिएका थिए ।

बैठकमा प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश लोकसेवा आयोगको छैठौं वार्षिक प्रतिवेदन पेश गरेका थिए । उक्त बैठकको विशेष समयमा प्रदेश सभा सदस्यहरुले समयसामयिक विषयमा धारणा राखेका थिए । प्रदेशसभाको बैठक आगामी बैशाख ६ गते बस्ने गरी स्थगित गरिएको छ ।

## जनप्रतिनिधिले आफैं डोजर चलाउने र ठेक्का लिने काम बन्द गरुन् : भुजेल

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशसभा सदस्य सुस्पा भुजेलले विकास निर्माणका योजनाहरुमा जनप्रतिनिधिहरु नै निर्माण व्यवसायी बन्ने काम बन्द गर्न आग्रह गरेकी छिन् । जनप्रतिनिधिहरुले निर्माणको काम आफ्नो कम्पनीबाट लिने र आफ्नै डोजर परिचालन गर्ने कार्य रोक्न आग्रह गरेकी हुन् ।

प्रदेशसभाको बिहीबार बसेको बैठकको विशेष समयमा बोल्दै नेकपाकी प्रदेश सभा सदस्य भुजेलले जनप्रतिनिधिहरुले नै ठेक्कापट्टामा सहभागी हुने र आफ्ना मेसिनरी औजार प्रयोग गर्ने प्रवृत्तिले सुशासनको खिल्ली उडाएको बताइन् । विकासका नाममा हुने स्वार्थको द्वन्द्वलाई जनप्रतिनिधिहरुले प्रश्रय दिइरहेको उनले बताइन् ।

'जनप्रतिनिधि आफैँले आफ्नो भ्याकु (मेसिन) चलाउँछन् । आफैँ टेन्डरको बिड (बोलपत्र) मा जान्छन् । कतिपय ठाउँमा त इन्जिनियरिङ पनि आफैँले गर्छन् । म यो सदनमार्फत संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, अब कुनै पनि जनप्रतिनिधिले आफैँ बिड गर्न पाउने अधिकारको कटौती गरियोस् र उसले आफ्नो डोजर चलाउने काम पनि बन्द गरिदियोस् ।' उनले भनिन् । उनका अनुसार जनप्रतिनिधिहरुको स्वार्थ बाझिने कार्यशैलीले गर्दा योजनाहरुको गुणस्तर खस्किएको र वास्तविक निर्माण व्यवसायीहरु मारमा परेका छन् । जबसम्म जनप्रतिनिधिहरु नाफामूलक ठेक्कापट्टा र डोजर मोहबाट मुक्त हुँदैनन्, तबसम्म सुशासन र पारदर्शिता केवल कागजमा मात्र सीमित रहने उनको भनाइ छ ।

प्रदेश सभा सदस्य भुजेलले सरकार गठन भएको लामो समय बित्दा पनि परिणाम शून्य रहेको बताइन् । उनले जनताको विश्वास जित्न भाषण होइन, व्यवहार र सोच बदल्न नेतृत्वलाई सुझाव दिइन् । 'समय केवल कुरा गर्ने होइन । परिणाम दिने हो । सरकार गठनको नौ महिना बित्न लाग्दा पनि सरकारले आफ्नो भूमिका निर्वाह गर्न सकेन । विनियोजित बजेटहरु लथालिंग छन् । नागरिकले हामीप्रति आशा होइन । आशाको परिणाम शून्य पाएका छन् ।' उनले भनिन्, 'जबसम्म शासन पारदर्शी हुँदैन । तबसम्म दिगो विकासको कुरा कागजमा मात्र सीमित रहन्छ । भ्रष्ट्राचारले विकासलाई मात्र होइन । भविष्यलाई नै खाइरहेको छ । यसका लागि कडा अनुगमन र डिजिटल पारदर्शिता अनिवार्य छ ।'

प्रदेश सभा सदस्य भुजेलले प्रदेशको ३ हजार २३० सहकारी दर्ता भए पनि हालसम्म १ हजार २०० वटा मात्र नवीकरणमा आएको बताइन् । सहकारीको नियमन र अनुगमनमा सरकार किन मौन रहेको उनले बताइन् । स्वास्थ्य क्षेत्रमा विशेषज्ञ जनशक्ति र प्रविधिको अभावका कारण नागरिकले सास्ती भोग्नुपरेको उनको भनाई छ । अब बहाना बनाएर उम्किने समय नरहेको भन्दै सरकारलाई नतिजामुखी काममा लाग्नु पर्ने बताइन ।






# हार्दिक बधाई



स्वतन्त्र पत्रकार संघ नेपालको हालै सम्पन्न **चौधौं वार्षिक साधारणसभा** तथा **पाँचौं अधिवेशन**बाट समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक **सुरेश श्रेष्ठ** सर्वसम्मत महासचिव चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकानामा व्यक्त गर्दछौं ।

**समृद्ध समाज राष्ट्रिय दैनिक परिवार**

**हेटौँडा, मकवानपुर**

## सम्पादकीय

# पालिकास्तरीय परीक्षा

पालिकास्तरीय परीक्षाको रुपमा कक्षा-८ को परीक्षालाई लिइन्छ । तीन तहको सरकारअनुसार कक्षा-८ को परीक्षालाई पालिकास्तरको, कक्षा-१० र १२ को परीक्षा वार्षिकरुपमा केन्द्र सरकारले हेर्ने, व्यवस्थापन गर्ने भन्ने छ । अहिले देशव्यापी रुपमै पालिकास्तरीय परीक्षाको नतीजा सार्वजनिक भइरहेका छन् । पालिकास्तरीय परीक्षाको नतीजालाई हेर्दा असाध्यै उत्कृष्ट नतीजा देखिन्छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाका ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा हेटौंडा उपमहानगरपालिकाका ८४ प्रतिशत विद्यार्थी कक्षा-९ मा पुगेका छन् । पालिकास्तरीय परीक्षामा देखिएको नतीजा सकारात्मक देखिए पनि यसमा आशंकाको अवसर रहन्छ ।

पालिकास्तरीय परीक्षाको उत्तीर्ण दर र कक्षा-१० र १२ को परीक्षाको नतिजाको तुलनात्मक विश्लेषण जरुरी छ । पालिकास्तरीय परीक्षामा ९८ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको इन्द्रसरोवर गाउँपालिकाको एसईईको नतिजा उस्तै देखिन्छ ? पालिकास्तरमा देखिएको नतिजालाई विद्यालय र माध्यमिक दुबै तहको परीक्षामा कायम राख्न सक्नुपर्छ । अन्यथा परीक्षाको नाटक मात्रै हुनेछ । पालिकास्तरीय परीक्षाले सम्बन्धित पालिकालाई नै आफ्ना विद्यार्थीको मूल्यांकन गर्ने अवसर रहन्छ । यस्तो अवसरमा विद्यार्थीको नतिजालाई मात्रै हेर्ने, विद्यार्थीको गुणात्मक अवस्थाका बारेमा ध्यान नदिनु ठिक हुन्न ।

पालिकास्तरको परीक्षामा आफ्ना विद्यार्थीको सवल र दुर्वल पक्षको विषयमा पहिचान गरी पालिकास्तरीय परीक्षामा भन्दा राम्रो नतीजा हासिल गर्ने गरी अगाडि बढ्नुपर्छ । पालिकास्तरीय परीक्षा एक दृष्टिकोणले विद्यालयहरुको मूल्यांकन पनि हो । ७ कक्षासम्म विद्यालयले आफैं परीक्षा सञ्चालन गर्ने र नतीजा प्रकाशन गर्ने जिम्मेवारी पाउँदै गर्दा कक्षा-८ मा भने विद्यालयले आफ्ना विद्यार्थीको परीक्षण नगरस्तरीय प्रश्नपत्रका आधारमा गर्नुपर्ने हुन्छ । यसले विद्यार्थीको समग्र अवस्था पत्ता लगाउन पनि सहयोग पुग्छ ।

यसर्थ वार्षिक परीक्षा नियमित प्रक्रिया भए पनि यसको गाम्भीर्यता बुझ्नु जरुरी छ । परीक्षाको संवेदनशीलता र यसको उपयोगितालाई स्थापित गर्न पालिकाले थप जिम्मेवार भएर योजना बनाउनु पर्छ । पालिकास्तरीय परीक्षामा पालिकाले परीक्षा सञ्चालन गर्ने र नतिजा सार्वजनिक भएपछि चुपचाप बस्ने होइन । परीक्षाको उचित व्यवस्थापनपछि प्राप्त नतिजाको जिम्मेवारीपूर्व समीक्षा गरी आगामी दिनमा थप सशक्त नतिजा हासिल गर्न सक्षम हुने आधार बनाउनुपर्छ ।

# संविधान संशोधनको बहस



✍ टार्जन कुँवर क्षेत्री (दशरथ जंग)

नेपालको संविधान संशोधनसम्बन्धी बहस पछिल्लो समय फेरि तीव्र बन्दै गएको र यो बहस केवल कानुनी संरचनाको सुधार मात्र होइन, देशको ऐतिहासिक पहिचान, सांस्कृतिक धरोहर, भौगोलिक यथार्थ र शासन प्रणालीको प्रभावकारितासँग गहिरो रूपमा जोडिएको विषय पनि हो । विशेषत: नेपाललाई पुन: हिन्दू राष्ट्रका रूपमा स्थापित गर्ने र हालको प्रदेश संरचनालाई पुनर्विचार गर्ने विषयले राजनीतिक तथा बौद्धिक वृत्तमा व्यापक चर्चा पाएको अवस्था छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा गठन गरेको संविधान संशोधन बहसपत्र कार्यदलले प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरुलाई प्रधानमन्त्री कार्यालय सिंहदरबार बोलाएर कार्यदलले २०८२।१२।२५ गते छलफल थालेको थियो । जुन कार्यदलकामा कार्यदलका संयोजक शाहले ६० दिनभित्र संविधान संशोधन बहसपत्र तयार पारिसक्नुपर्ने कार्यादेशबारे जानकारी दिएका पनि थिए।जसमा ७ दिनभित्र बहसपत्र बनाउने र त्यसमाथि छलफल गरेर ६० दिनभित्र काम सक्नुपर्छ असिम शाहले भनेका थिए ।

प्रधानमन्त्री बालेन्द्र शाहले राजनीतिक सल्लाहकार असिम शाहको नेतृत्वमा गठन गरेको संविधान संशोधन बहसपत्र कार्यदलमा संयोजक असिम शाह (प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार), सदस्य सचिव लिलाधर सुवेदी (कानुन तथा फैसला कार्यान्वयन महाशाखा प्रमुख), राजनीतिक दलहरुबाट प्रतिनिधि सदस्यहरू मोहन आचार्य राष्ट्रिय स्वतन्त्र पार्टी, डा. भीष्मनाथ अधिकारी नेकपा (एमाले, देवप्रसाद गुरुङ नेकपा (माओवादी केन्द्र), ज्ञानेन्द्र शाही राष्ट्रिय प्रजातन्त्र पार्टी, मनोज भट्ट राष्ट्रिय जनमोर्चा, ध्रुवराज राई श्रम संस्कृति पार्टी, डा. सुरेन्द्रकुमार झा जनता समाजवादी पार्टी, डा. आभास लाभ लोकतान्त्रिक समाजवादी पार्टी, दुर्गा पौडेल राष्ट्रिय जनमोर्चा, सरकारी/प्रशासनिक सदस्यहरूमा पुष्कर सापकोटा कानुन सचिव र इन्दिरा दाहाल नेपाल कानुन आयोग सचिव) रही मिति २०८२।१२।२५ गते बसेको बैठकको पहिलो दिन राप्रपाका ज्ञानेन्द्र शाहीले हिन्दू राज्य र राजसंस्थाकै कुरा उठाउनु भयो थियो।मधेशवादी दलका प्रतिनिधिहरूले वर्तमान संविधानप्रति विगतबाटै असहमति रहेको सम्झाएका थिए भने श्रम संस्कृतिका सांसद ध्रुवराज राईले भ्रष्टाचार नियन्त्रण, माटो सुहाउँदो राष्ट्रिय नीति र राष्ट्रियताबारे गम्भीर छलफल आवश्यक रहेको बताएका थिए । भ्रष्टाचार के गर्दा अन्त्य हुन्छ, त्यो गर्नुपर्यो  भनेर उनले भनेका थिए, माटो सुहाउँदो नीतिहरू निर्माणमा ध्यान दिनुपर्छ भनेका थिए । जसपाका प्रतिनिधि सुरेन्द्रकुमार झा र लोसपाका आभास लाभले संविधान जारी हुँदा नै असहमति रहेको बताएका थिए । राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेलले पनि संघीयता खारेजीकै प्रसंग उठाएकी थिइन् । प्रदेशहरूको खारेजीको एजेण्डामा पौडेललाई राप्रपाका शाहीको पनि समर्थन थियो । (स्रोत: अनलाइनखबर) ।

नेपालको संविधान संशोधनसम्बन्धी बहसलाई केवल राजनीतिक एजेन्डाको रूपमा सीमित गरेर हेर्नु हुँदैन । यो बहस राष्ट्रको आत्मा, यसको ऐतिहासिक निरन्तरता, भौगोलिक यथार्थ, सांस्कृतिक पहिचान र शासन प्रणालीको प्रभावकारितासँग जोडेर हेर्ने विषय हो । त्यसैले संविधान संशोधनको प्रश्न उठ्दा यसलाई बहुआयामिक दृष्टिकोणबाट भूगोल, इतिहास, परम्परा, धर्म संस्कृति, रीतिरिवाज तथा समकालीन प्रशासनिक आवश्यकताको सन्तुलित समन्वयमार्फत विश्लेषण गर्नु पर्छ । नेपालको भूगोल हिमाल, पहाड र तराईको विविधता केवल प्राकृतिक संरचना मात्र होइन, जीवनशैली, आर्थिक गतिविधि र सामाजिक संरचनाको निर्धारक तत्व पनि हो । विविध भौगोलिक अवस्थाबीच एकीकृत राष्ट्रिय भावना निर्माण हुनु आफैंमा ऐतिहासिक उपलब्धि हो । यही कारणले शासन प्रणालीको ढाँचा बनाउँदा भूगोलसँग मेल खाने सरल, पहुँचयोग्य र प्रभावकारी संरचना आवश्यक पर्छ । संघीय संरचना लागू गर्दा भूगोललाई आधार बनाउने प्रयास गरिए पनि व्यवहारमा प्रशासनिक विभाजनले अपेक्षित सहजता दिन नसकेको अनुभव गरिएको छ । इतिहास फर्केर हेर्दा नेपाल हजारौं वर्ष पुरानो सभ्यता बोकेको राष्ट्र हो, जहाँ धर्म, संस्कृति, परम्परा र रीतिरिवाजमा हिन्दू दर्शनको गहिरो प्रभाव छ । ऐतिहासिक रूपमा नेपाल विश्वकै एक मात्र हिन्दू राष्ट्रका रूपमा चिनिन्थ्यो, जसले देशको अन्तर्राष्ट्रिय पहिचानसमेत निर्माण गरेको थियो।यस आधारमा कतिपयले तर्क गर्छन् कि राष्ट्रिय एकता, सांस्कृतिक निरन्तरता र मौलिक पहिचान जोगाउन नेपाललाई पुन: हिन्दू राष्ट्रका रूपमा स्थापित गर्नु उपयुक्त हुन जान्छ । उनीहरूको दृष्टिमा धर्मनिरपेक्षताको अवधारणा बाह्य प्रभावबाट आएको र यसले परम्परागत सामाजिक संरचनामा विचलन ल्याएको भन्ने देखिन्छ । तर यस सन्दर्भमा अर्को यथार्थ पनि उतिकै महत्वपूर्ण छ जुन नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाज भएको देश हो । यहाँ विभिन्न धर्मावलम्बीहरू शान्तिपूर्ण सहअस्तित्वमा बसोबास गर्दै आएका छन् । त्यसैले राज्यको धार्मिक स्वरूप निर्धारण गर्दा सबै समुदायको भावनालाई सम्मान गर्दै समावेशी र सन्तुलित दृष्टिकोण आवश्यक हुन्छ । संविधान संशोधनको अर्को प्रमुख पक्ष भनेको संघीय संरचनाअन्तर्गतको प्रदेश प्रणाली हो।संघीयता लागू गर्दा यसको मुख्य उद्देश्य शक्ति विकेन्द्रीकरण, स्थानीय तहसम्म सेवा प्रवाहको पहुँच विस्तार र जनताको सहभागिता बढाउनु थियो।तर व्यवहारमा प्रदेश संरचना अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको, प्रशासनिक दोहोरोपन बढेको र राज्यको खर्च उल्लेखनीय रूपमा वृद्धि भएको, भ्रष्टचार मौलाएको, जनता जनतामा राजनीतिक प्रतिशोत बढेको, हरेक क्षेत्रहरुमा खराब राजनीतिक जड गडेको कारणहरुले गर्दा जता त्यतै आलोचना मात्र हुँदै आएको छ । यसै कारण कतिपयले प्रदेशको औचित्य नै नरहेकोतर्क गर्दै प्रदेश खारेज गर्नुपर्ने धारणा अघि सारेका पनि छन् । केन्द्र र स्थानीय तहबीचको समन्वयलाई सुदृढ बनाएर प्रदेश तह हटाउँदा शासन प्रणाली अझ सरल, छरितो र कम खर्चिलो बन्न सक्छ।यद्यपि, प्रदेश पूर्ण रूपमा खारेज गर्नु राजनीतिक रूपमा जटिल र व्यवहारिक रूपमा चुनौतीपूर्ण हुन पनि सक्छ । यस्तो अवस्थामा वैकल्पिक उपायका रूपमा पहिलेको ५ (पाँच) विकास क्षेत्रको मोडेललाई पुन: अपनाउने प्रस्ताव पनि अघि सार्न सकिन्छ । विगतमा प्रयोगमा आएको विकास क्षेत्र प्रणाली अपेक्षाकृत सरल र व्यवस्थापन गर्न सहज मानिन्थ्यो । यसलाई आधुनिक आवश्यकताअनुसार परिमार्जन गरी लागू गर्दा प्रशासनिक संरचना कम खर्चिलो र प्रभावकारी बनाउन सकिने सम्भावना पनि देखिन्छ। यसका साथै, हालको प्रदेश संरचनाभित्रै सुधार गर्ने विकल्प पनि उत्तिकै महत्वपूर्ण छ । विशेषगरी प्रदेश सभाजस्ता खर्चिलो निकायलाई खारेज वा सानो बनाउने, मन्त्रीपरिषद् संख्यामा कटौती गर्ने, दोहोरो प्रशासनिक संयन्त्र हटाउने जस्ता उपायमार्फत खर्च नियन्त्रण गर्न सकिन्छ । यसले राज्यको स्रोत साधनको दुरुपयोग घटाई विकास निर्माणमा बढी लगानी गर्न सहयोग पुऱ्याउन ठुलो टेवा मिल्नेछ ।

अन्तमा संविधान संशोधन कुनै एक पक्षको जित वा हार होइन । यो राष्ट्र निर्माणको निरन्तर प्रक्रिया हो । प्रशासनिक सरलता, इतिहासले दिएको पहिचान, संस्कृतिले निर्माण गरेको सामाजिक एकता र वर्तमानले अपेक्षा गरेको सुशासन यी सबैलाई सन्तुलित रूपमा समेट्न सके मात्र संविधान संशोधन सार्थक हुनेछ । संविधान संशोधन आजको आवश्यकता भावनात्मक बहसभन्दा माथि उठेर गहिरो अध्ययन, समावेशी संवाद र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ । यदि संविधान संशोधनले नेपालको मौलिक पहिचान जोगाउँदै शासन प्रणालीलाई सरल, किफायती र प्रभावकारी बनाउन सक्यो भने मात्र यसले देशलाई स्थायित्व, एकता र समृद्धितर्फ डोऱ्याउनेछ ।

# भ्रष्टतन्त्रको जालो र सुशासनको नयाँ मार्गचित्र



✍ रमेश प्रसाद लामिछाने

नेपालमा भ्रष्टाचार अब केवल एउटा कानुनी विचलन वा नैतिक पतनको विषय मात्र रहेन । यो राज्यको संरचना, शासकीय संस्कृति र सामाजिक सम्बन्धमा गहिरोसँग जकडिएको भ्रष्टतन्त्रका रूपमा संस्थागत भइसकेको छ। नेतृत्व तहको स्वेच्छाचारी आचरण, अपारदर्शी निर्णय प्रक्रिया र जवाफदेहिताविहीन शैलीले नागरिक भरोसा यसरी टुटाएको थियो कि त्यसैको स्वाभाविक परिणाम स्वरूप आज राजनीतिमा एउटा नयाँ मोड आएको छ ।  प्रत्यक्ष रूपमा कुशासन र राज्य आतंकबाट प्रताडित जेनजी पुस्ता सत्ताको बागडोर सम्हाल्ने दिशामा अग्रसर छ ।

नेपालको सबैभन्दा ठूलो चुनौती भ्रष्टाचारको इकोसिस्टम अत्यन्तै संगठित, स्रोत-साधन सम्पन्न र पहुँचवाला हुनु हो ।

जसको तुलनामा नियन्त्रणका प्रयासहरू अत्यन्तै कमजोर र परम्परागत छन्। हामीले भ्रष्टाचारलाई केवल एउटा रोगको रूपमा हेर्यौं, तर यो त राज्य कब्जाको त्यो चरमोत्कर्ष हो जहाँ नियामक र नियन्त्रक निकायहरू नै स्वार्थ समूहको कवच बन्न पुगेका छन् ।

यसको दीर्घकालीन समाधान नखोजिनुको मुख्य कारण लाभान्वित समूहका लागि सुशासन कागलाई बेल पाक्यो, हर्ष न विस्मात् जस्तै हुनु हो ।

आम मानिसलाई भ्रष्टाचार नियन्त्रण चुट्कीका भरमा भइहाल्छ जस्तो लागे पनि यो कार्य पक्कै सहज छैन । यद्यपि, नागरिकको भरोसा र अपेक्षा सरकारका लागि एकातिर प्रेरणा हो भने अर्कोतिर कडा खबरदारी पनि हो ।

सरकारका हालैका कदमहरू सकारात्मक देखिए तापनि भ्रष्टाचारलाई केवल एकाङ्की रूपमा हेर्नु किमार्थ मिल्दैन ।  यो त अत्यन्तै जटिल र बहुआयामिक छ । सैद्धान्तिक रूपमा भ्रष्टतन्त्रले राज्यका शक्ति र स्रोतहरूलाई जनहितका लागि होइन, बरु मुट्ठीभर स्वार्थ समूहको निजी लाभका लागि परिचालन गर्छ।  जहाँ भ्रष्टाचार प्रणालीकै एउटा स्थायी चरित्र बन्न पुग्छ।  जसलाई चिर्न निकै मुस्किल हुन्छ ।

हाम्रा भ्रष्टाचार विरोधी प्रयासहरू प्राय: असफल हुनुको मुख्य कारण नियन्त्रक निकायहरूले समस्याको जरोमा प्रहार गर्नुको साटो बाह्य लक्षणको उपचारमा मात्र केन्द्रित हुनु हो । सरकारले यो कुरा समयमै बुझ्न जरुरी छ ।

### किन राज्य भ्रष्टाचारले आक्रान्त हुन्छ ?

जब राज्यले नागरिकका हकको रक्षा गर्नुको साटो स्वतन्त्र प्रेस, नागरिक समाज र व्यावसायिक संस्थाहरूमाथि नियन्त्रणमुखी नीति अख्तियार गर्छ, तब सुशासन धराशायी हुन्छ । पाकिस्तान, भारत र दक्षिण अफ्रिकाका उदाहरणले पुष्टि गर्छन् कि सरकारले नागरिक समाजलाई सहयात्री होइन शत्रु ठान्नु र उनीहरूमाथि बलजफ्ती गर्नु नै विफलताको मुख्य कारण थियो । नेपालमा पनि नागरिक निगरानीका औजारलाई कानुनी मान्यता नदिनु र सरकार-नागरिक साझेदारीलाई उपेक्षा गर्नुले शासन प्रणालीलाई थप बन्द र अपारदर्शी बनाएको छ ।

भ्रष्टाचार र अपारदर्शी शासनको डरलाग्दो रूप ऋणको पासो हो । श्रीलंका यसको ज्वलन्त उदाहरण हो, जहाँ उच्च पदस्थको निजी स्वार्थमा गरिएका अपारदर्शी ऋण लगानीले देशलाई टाट पल्टायो । नेपालका पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला आयोजनाहरू यसका जीवित सङ्केत हुन्, जहाँ पर्याप्त लागत-लाभ विश्लेषण, भू-राजनीतिक संवेदनशीलताको आकलन र पारदर्शिता बिना लिइएको ऋणले प्रतिफलको साटो वित्तीय बोझ मात्र थपेको छ । हालै सरकारले विश्व बैंक र एडिबीबाट स्वीकृत गरेको सहायतालाई यदि पारदर्शिता र परिणाममुखी ढङ्गले परिचालन गरिएन भने नेपाल पनि ऋणको गहिरो दुष्चक्रमा फस्ने जोखिम उच्च छ ।

सिंगापुर र बोत्स्वाना जस्ता देशले भ्रष्टाचार प्रति शून्य सहनशीलता र पारदर्शी शासनकै बलमा वैदेशिक लगानी भित्र्याएर आर्थिक चमत्कार गरे । लगानीकर्ताले मुनाफा मात्र हेर्दैनन्, उनीहरूले विधिको शासन र अनुमानयोग्य शासकीय व्यवहार खोज्छन् ।

यसको विपरीत, भेनेजुएला जस्ता देशहरू भरपूर प्राकृतिक स्रोत भएर पनि जवाफदेहिताको अभावमा आज आर्थिक रूपमा जर्जर छन् । डेनमार्क र नर्वे जस्ता स्क्यान्डेनेभियन मुलुकहरूले सार्वजनिक सेवामा उच्च तहको पारदर्शिता, बलियो 'नैतिक आचारसंहिता' र प्राकृतिक स्रोतको पारदर्शी परिचालनमार्फत भ्रष्टाचारलाई न्यून राख्दै नागरिकमा राज्यप्रतिको अटुट विश्वास निर्माण गरेका छन् ।

त्यस्तै, एस्टोनियाले आफ्नो पूर्ण 'डिजिटलाइजेशन' को मोडेलमार्फत ९९ प्रतिशत सरकारी सेवाहरू अनलाइन उपलब्ध गराएर मानवीय हस्तक्षेप शून्य बनाएको छ ।  जसले गर्दा भ्रष्टाचारका छिद्रहरू बन्द हुनुका साथै सरकारको प्रभावकारिता र जनताको भरोसामा गुणात्मक वृद्धि भएको छ ।

### संवैधानिक निकाय र दलीयकरणको मूल्य

नेपालका संवैधानिक निकायहरू कसरी दलका कठपुतली बने भन्ने कुरा छिपेको छैन । नियुक्तिमा हुने दलीय भागबण्डा र स्वार्थको द्वन्द्वले यी संस्थाको निष्पक्षता समाप्त पारेको छ । ठूला मुद्दाहरूमा हुने फितलो अनुसन्धान र सेटिङको संस्कृतिले राज्यका प्रमुख निकायहरूप्रति गम्भीर अविश्वास पैदा गरेको छ ।

जबसम्म नियुक्ति प्रक्रिया दलगत पकडबाट मुक्त हुँदैन, तबसम्म सुशासन आकाशको फल मात्र हुनेछ । सेवानिवृत्त कर्मचारी केन्द्रित पुरातन मापदण्ड परिमार्जन गरी अबको नियुक्ति केवल सक्षमता, विशिष्टीकृत दक्षता र उच्च नैतिक निष्ठाका आधारमा हुनुपर्दछ ।

### स्वार्थको द्वन्द्व

सुधारको एउटा ठूलो बाधक स्वार्थको द्वन्द्व व्यवस्थापनमा देखिएको उदासीनता हो । सार्वजनिक पदमा बसेका व्यक्तिहरूले गर्ने निर्णयमा उनीहरूको निजी वा व्यवसायिक स्वार्थ जोडिनु हुँदैन । यसलाई रोक्न कम्तीमा ५ वर्षे कुलिङ पिरियडको संवैधानिक र कानुनी सुनिश्चितता चाहिन्छ । वर्तमान सरकार र यसको माउ पार्टी रास्वपाले मेरिटोक्रेसी (योग्यताप्रणाली) प्रति ठूलो प्रतिबद्धता त जनाएका छन्, तर त्यो मेरिटोक्रेसीको मोडल कस्तो हुन्छ भन्ने कुरा अहिलेसम्म सार्वजनिक गरेका छैनन् ।

जबसम्म कुनै ठोस खाका वा मोडल तयार हुँदैन, तबसम्म नागरिकले उनीहरूको वाचामा मात्र कसरी विश्वास गर्ने ? त्यसैले यो मोडल ढिलो नगरी स्पष्ट रूपमा तर्जुमा गरिनु पर्दछ। स्वार्थको द्वन्द्व व्यवस्थापन केवल प्रक्रिया थप्नु होइन, बरु जोखिममा आधारित दृष्टिकोण अपनाएर भ्रष्टाचारको उच्च जोखिममा रहेका क्षेत्र र पदधारकहरूमा ध्यान केन्द्रित गरी तत्काल कानुनी समाधान निकाल्नु हो ।

### संविधान संशोधन अवसर

संविधान संशोधनको बहस केवल राजनीतिक अंकगणितमा सीमित हुनु हुँदैन । यसलाई भ्रष्टाचारको जरो उखेल्ने एक बृहत् सामाजिक करारका रूपमा उपयोग गरिनुपर्छ । यो एउटा यस्तो नीतिगत प्रस्थान हुनुपर्छ, जसले अख्तियार वा अन्य निकायको ऐनमा आधारित भ्रष्टाचार अनुकूल कार्य, जस्तै मन्त्रिपरिषद्को नीतिगत निर्णय सम्बन्धी प्रावधानलाई पुनरावलोकन गरी भ्रष्टाचारका लागि सिर्जना गरिएको सुरक्षित खाडललाई सदाका लागि बन्द गर्न सकोस् । संविधान देशको मूल कानुन भएकाले यसले केवल शासकीय स्वरूप मात्र होइन, कस्तो शासक र कस्तो प्रशासन प्रणाली निर्माण गर्न सक्छ भन्ने स्पष्ट मार्गनिर्देश दिन सक्नुपर्छ ।

संवैधानिक निकायलाई दलीय छायाँबाट मुक्त गर्न पारदर्शी प्रतिस्पर्धा, सार्वजनिक सुनुवाइ र स्वतन्त्र मूल्याङ्कन प्रणाली लागू गरिनु पर्दछ ।

कतिपय निकायको सान्दर्भिकता पुनर्मूल्याङ्कन गरी खारेजी वा एकीकृत गर्न सकिन्छ । दलित, मुस्लिम, जनजाति, थारू, महिला र मधेसी जस्ता भिन्न-भिन्न आयोगलाई एकीकृत गरी एउटै शक्तिशाली समावेशी आयोग बनाउन सकिन्छ भने निर्वाचन आयोगको जिल्ला कार्यालय जस्ता खर्चिला संरचना कटौती गर्न सकिन्छ । भ्रष्टाचार नियन्त्रणमा संलग्न करिब १२ वटा छरिएका निकायलाई दोहोरोपन हटाउँदै चुस्त बनाउनु नै अबको आवश्यकता हो ।

भ्रष्टाचारको मुहान राजनीतिक दलहरूको अपारदर्शी वित्तपोषण हो भन्ने कुरामा अब कुनै दुविधा छैन । जब चुनाव लड्न अर्बौं रुपैयाँ अवैध स्रोतबाट संकलन गरिन्छ, तब सत्तामा पुगेपछि त्यसको 'व्याज' तिर्न नीतिगत भ्रष्टाचारको वैधानिक बाटो खोलिन्छ । के यो सरकारले आफ्नै र अन्य दलहरूको आम्दानी तथा खर्चको अनिवार्य अडिट र त्यसको वास्तविक विवरण सार्वजनिक खुलासा गर्ने कानुनी व्यवस्था गर्ने आँट गर्छ ? संविधान संशोधन र नीतिगत सुधारका ठूला कुरा गरिरहँदा, चन्दा तन्त्र र कालो धनको संरक्षणलाई जरैदेखि अन्त्य गर्ने ठोस योजना खोइ ?

सम्पत्ति शुद्धीकरणसम्बन्धी प्रावधानलाई कडाइका साथ लागू गरी अवैध धनको ओसारपसारमाथि अंकुश लगाउनु केवल कानुनी बाध्यता मात्र होइन, यो नेपालको अन्तर्राष्ट्रिय साख जोगाउने अन्तिम अवसर पनि हो । यदि सरकारले आफ्नै दलभित्रका र शक्ति केन्द्रको निकट रहेका पात्रहरूको अवैध धनमाथि आँखा चिम्लिरहने पुरानै प्रवृत्ति दोहोऱ्याउने हो भने, वैदेशिक लगानी र समृद्धिको कुरा केवल सस्तो नारा मात्र हुनेछ । विधिको शासन तब मात्र स्थापित हुन्छ, जब कानुनले कसैको राजनीतिक रङ, झण्डा वा शक्ति हेर्दैन । के वर्तमान नेतृत्व यो अग्निपरीक्षामा खरो उत्रिन तयार छ ?

नेपालको एउटा पुरानो र घातक रोग छ, कुनै समस्या आइपर्ने बित्तिकै नयाँ समिति, आयोग वा बोर्ड गठन गर्ने होडबाजी चल्नु । वर्तमान सरकारले पनि यही नयाँ संरचना थप्ने पुरानै बाटो रोज्ने कि विद्यमान संस्थालाई बलियो बनाउने ? प्रश्न यहाँ छ ।

केवल नयाँ संरचना थप्दैमा समस्या समाधान हुँदैन; बरु यसले राज्यको स्रोत मात्र सिध्याउँछ र विद्यमान संस्थालाई झन् कमजोर र अविश्वसनीय बनाउँछ। हामीलाई नयाँ आकार होइन, प्रभावकारी कार्य चाहिएको हो ।


के सरकारले अख्तियार, महालेखा, राजस्व अनुसन्धान र सतर्कता केन्द्रबीच वास्तविक डेटा-साझेदारी गराउन सक्छ ? के भ्रष्टाचार हुनुअगावै रोक्ने र भएमा तत्काल कारबाही गर्ने क्षमता विकास गर्न एआई आधारित रियल-टाइम निगरानी संयन्त्र बनाउने साहस यो नेतृत्वसँग छ ? सुशासनका लागि सरकारले नागरिक एजेन्सी र स्वतन्त्र मिडियालाई आफ्नो शत्रु होइन, सहयात्री

...बाँकी पृष्ठ ३ मा

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी  ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : नयाँ जानकारीले आफू परिवर्तन गरिएला । |
| **वृष** | : मनमा उत्साह र उमङ्ग बढने समय छ । |
| **मिथुन** | : प्रेम जीवनमा गुनासो बढ्ने समय छ । |
| **कर्कट** | : मन प्रसन्न र परिश्रम गर्ने समय छ । |
| **सिंह** | : शत्रुहरुलाई जितेर काम गर्नुपर्ने समय छ । |
| **कन्या** | : अपेक्षित माया सहयोग प्राप्त होला । |
| **तुला** | : व्यक्तिगत समस्याले भने सताउला । |
| **वृश्चिक** | : सद्भावमा वृद्धि हुने समय योग छ । |
| **धनु** | : मनमा कमी लागेपनि  लाभप्रद समय छ । |
| **मकर** | : घुमघाममा रमाइने समय योग देखिन्छ । |
| **कुम्भ** | : धार्मिक एवम् सामाजिक काममा मन जाला । |
| **मीन** | : रिस र घमण्ड त्याग गर्दा राम्रो रहला । |

# समयसिमा सकिन लाग्दा ६९ वटा सहकारीले मात्रै प्रतिवेदन बुझाए

**समाज संवाददाता**

हेटौंडा : चैत्र मसान्त नजिकिँदा पनि हेटौंडा उपमहानगरपालिकाभित्र सञ्चालित सहकारी सँस्थाहरु मध्ये ६९ वटा सहकारी संस्थाले मात्र साधारणसभा सम्पन्न गरी उपमहानगरपालिकामा प्रतिवेदन पेश गरेका छन् । हाल हेटौँडा उपमहानगरपालिकाभित्र १ सय ४१ वटा सक्रिय सहकारी संस्थाहरु सञ्चालनमा रहेकोमा यस आर्थिक वर्षको चैत्रसम्ममा जम्मा ६९ वटा सहकारीले साधारणसभा मार्फत पारित प्रतिवेदन पेश गरेका हुन् ।

साधारणसभा सम्पन्नको प्रतिवेदन बुझाउनेमा बचत तथा ऋण सहकारी संस्थाहरु ३८ वटा रहेको छन् । यस्तै १६ वटा कृषि सहकारी संस्थाहरुले, ६ वटा दुग्ध सहकारीहरु तथा ६ वटा बहुउद्देश्यीय सहकारी संस्थाहरुले मात्र प्रतिवेदन पेश गरेका छन् । यद्यपी वार्षिक प्रतिवेदन नैं नबुझाएपनि अनलाइनबाट ८५ वटा सहकारी संस्थाहरुले आफ्ना समष्टिगत विवरण भने पेश गरेका उपमहानगरपालिकाको सहकारी नियमन शाखाले जनाएको छ। प्रत्येक वर्ष आर्थिक वर्ष सुरु भएको ६ महिनाभित्र साधारण सम्पन्न गरी सभामार्फत पारित गरिएको प्रतिवेदन स्थानीय तहमा बुझाउनपर्ने नियम रहेको छ । विविध कारणले समयसिमाभित्र साधारणसभा सम्पन्न गर्न नसकेमा थप डेढ महिनामा लेखापरीक्षणसहित वार्षिक साधारणसभामार्फत पास भएको प्रतिवेदन पालिकामा बुझाउनुपर्ने हुन्छ। हेटौँडा उपमहानगरपालिकाभित्र कुल १ सय ९८ वटा सहकारी संस्थाहरु रहेकामध्ये सक्रिय सहकारीहरु १ सय ४१ वटा रहेका छन् ।

अघिल्ला वर्षहरुमा असोज र कात्तिकभित्र साधारणसभा सम्पन्न गरी मंसिर मसान्तसम्ममा ५० प्रतिशत भन्दा अधिकांशले पालिकासमक्ष प्रतिवेदन पेश गरिसकेका हुन्थे तर यस वर्ष जेनजी आन्दोलनको कारण असोज तथा कात्तिकको आधाआधी सम्म साधारणसभाहरु सम्पन्न गर्न सकेका थिएनन्। सहकारी संस्थाहरुको संख्या बढी देखिए पनि प्रतिवर्ष सक्रिय रुपमा काम सम्पन्न गरी वार्षिक प्रतिवेदन नगर कार्यालयमा बुझाउने सहकारीको संख्या कमै मात्र रहेका उपमहानगरपालिका सहकारी नियमन शाखाका कर्मचारी महेन्द्र चापागाइले गर्नुभएको छ। यसैगरी कतिपयले अनलाइन माध्यमबाट आफ्ना वस्तुस्थिती जनाइसकेकाले प्रतिवेदन विस्तारमा प्राप्त हुने उहाँको भनाइ छ ।

हेटौंडामा रहेका सहकारीहरु मध्ये ५७ वटा निष्कृय रहेको हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखाले जनाएको छ । पालिकाभित्र हाल सबैभन्दा बढी संख्या बचत तथा ऋण सहकारीको संख्या ८९ भएपनि यि मध्ये १६ वटा बचत तथा ऋण सहकारी संस्थाहरु निष्कृय अवस्थामा छन्। यस्तै दोस्रोमा कृषि सहकारी संस्था छन् । पालिकाभित्र हाल ५३ वटा कृषि सहकारीहरु रहेका छन् । यद्यपी २० वटा कृषि सहकारी संस्थाहरु निष्कृय देखिन्छ। यस्तै तेस्रोमा बहुउद्देश्यीय सहकारीहरु छन् ।

पालिकामा २० वटा बहुउद्देश्यीय सहकारीहरु दर्ता भएकामा हाल ७ वटा निष्कृय अवस्थामा छन् । यस्तै पालिकाभित्र उपभोक्ता सहकारीहरु ८ वटा, जडिबुटी सहकारी ५ वटा, दुग्ध सहकारी १ गरि ५७ वटा सहकारीहरु निष्कृय अवस्थामा रहेका छन् । पालिकामा सक्रिय रहेका १ सय ४१ वटा रहेका छन् । यि सहकारीहरुमा हाल ९४ करोड २३ लाख १ हजारको कुल शेयर पूँजी रहेको छ । यस्तै यि सहकारीहरुका ६ अर्ब २० करोड ६ लाख ९२ हजार रुपैया निक्षेप बचत रहेको रहेको छ भने यि सहकारीहरुले हाल ६ अर्ब ४० करोड ७३ लाख ७० हजार रुपैयाँ ऋण लगानी गरिएको हेटौंडा उपमहानगरपालिकाले जनाएको छ ।

यि सबै सहकारी संस्थाहरुको कुल सम्पति ९ अर्ब ११ करोड ४६ लाख १० हजार रुपैयाँ रहेको हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखाले जानकारी दिएको छ । यि संस्थाहरुमा १ लाख १५ हजार ५५ जना शेयर सदस्यहरु रहेका छन् । यि उपमहानगरपालिकाभित्रका सहकारीहरुमध्ये ५० करोड भन्दा बढी शेयर पूँजी भएका ३ वटा संघीय सरकारको नियमनमा रहने व्यवस्था छ भने ७ वटा २५ करोड देखि ५० करोड बिचमा शेयर पूँजी रहेकाले प्रदेशको नियमन तथा नियन्त्रणमा रहेका छन् भने बाँकी २५ करोड भन्दा कम शेयर पूँजी भएका सबै सहकारीहरु हेटौंडा उपमहानगर पालिकाले नै नियमन गर्दै आएको छ । पछिल्लो समय पालिकाभित्र डिजिटल रुपमा एकिकृत प्रणालीको रुपमा रहेको सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (कोपोमिस) मार्फत १ सय ४६ सहकारी सञ्जालमा आबद्ध समेत भइसकेका छन् ।

# जिप दुर्घटना दुईको मृत्यु, ६ जना घाइते

धनगढी : कञ्चनपुरको कृष्णपुर नगरपालिका-१ कुगडामा जिप दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् ।

मंगलबार साँझ ६ बजेतिर पहरीया-कुगडा भित्री कच्ची सडकखण्डमा दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको से १ ज २९० नम्बरको जिप अनियन्त्रित भई सडकबाट करिब ५०-६० मिटर तल खोल्सामा खस्दा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा कृष्णपुर नगर पालिका -१ कै ६० वर्षीय नन्दराम पार्की र ६२ वर्षीया कलावती देवी बोहराको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । जिप चालक कृष्णपुर नगरपालिका-१ का २४ वर्षीय अर्जुन साउँद चलाएका थिए। जिपमा चालकसहित ८ जना सवार थिए। उनीहरू मध्ये मृतक बाहेक ६ जना घाइते भएका छन्। घाइते सबै जनालाई कृष्णपुर नगरपालिकाको एम्बुलेन्समार्फत उपचारका लागि धनगढीस्थित अस्पताल पठाइएको छ । घाइतेमध्ये चालक अर्जुन साउदको टाउको र शरीरमा गम्भीर चोट लागेको छ। अन्य घाइतेहरूमा धनसरी बोहरा, सरिता बोहरा भावना पार्की, रेश्मा घटाल र भिमदत्त नगरपालिका तिल्केनी निवासी गंगा बिष्ट रहेका छन्। उनीहरूको मुख, टाउको, छाती तथा शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ। घटनाबारे जानकारी प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट पहरीयाबाट प्रहरी हवल्दार हरि सिंह खत्रीको कमाण्डमा टोली घटनास्थल पुगेको थियो। त्यसपछि इलाका प्रहरी कार्यालय झलारीबाट प्रहरी निरीक्षक राजेश बस्नेतको नेतृत्वमा थप टोली खटाइएको प्रहरीले जनाएको छ ।

*(स्रोत: अनलाईनखबर)*

# स्थानीय तहलाई सुदृढ बनाउनुपर्छ : सभामुख

काठमाडौं : सभामुख डोल प्रसाद (डीपी) अर्यालले स्थानीय तहले जनतालाई सेवा प्रदान गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

नेपाल नगरपालिका संघको ३३औँ स्थापना दिवसको अवसरमा सभामुख अर्यालले अनुभव र असल अभ्यासको आदान-प्रदान गर्दै सामाजिक विकास र सुशासनलाई थप प्राथमिकता दिन आग्रह गरे ।

उनले सेवाग्राहीलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने



उल्लेख गर्दै उनले सेवामा कुनै त्रुटि गर्न नहुने बताए ।

उनले आफ्ना संस्था वा व्यक्तिगत हितभन्दा सेवाग्राहीको सन्तुष्टिलाई ध्यान दिनुपर्ने धारणा व्यक्त गर्दै जनताको मुहारमा खुसी ल्याउने र सरकारले जनताका लागि काम गरिरहेको अनुभूति दिलाउन स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्ने बताए ।

स्थानीय तहलाई सुदृढ बनाउन तथा बजेटलगायत विषयमा सबै तहका सरकारबीच समन्वय आवश्यक रहेको उल्लेख गर्दै सभामुखले त्यसका लागि आफू प्रतिबद्ध रहेको बताए ।

*(स्रोत: अनलाईनखबर)*

## भ्रष्टतन्त्रको जाला...

मान्नुपर्छ ।

स्वतन्त्र सञ्चार माध्यमको खोजी पत्रकारितालाई दबाउने कि प्रोत्साहन गरेर भ्रष्टाचार र अवैध वित्तीय प्रवाह नियन्त्रणमा आफ्नो क्षमता बढाउने ? सरकारको अग्निपरीक्षा यहाँनिर पनि छ ।

नागरिकका गुनासा सुन्न र समस्या समाधान गर्न भनिएको हेलो सरकार जस्ता संयन्त्रहरू अझै पनि झारा टार्ने माध्यम मात्र बनेका छन् । यदि यी संयन्त्रलाई नतिजामुखी बनाउने ल्याकत छैन भने, यस्ता कर्मकाण्डी संरचनालाई खारेज गरिदिए हुन्छ ।

**रूपान्तरणको पहिलो सर्त**

सरकारले सबैभन्दा पहिले आफूलाई रोल मोडेलका रूपमा उभ्याउनुपर्छ। पारदर्शिताको पहिलो सर्त मानिने सम्पत्ति विवरण सार्वजनिक गर्न मन्त्रिपरिषद् सदस्यहरूले देखाएको उदासीपन विडम्बनापूर्ण छ ।

बहुआयामिक निर्णयमा सार्वजनिक बहस र सरोकार वालासँगको छलफल अभावले सरकारलाई रक्षात्मक मात्र बनाउँछ। सुधारको सरल सूत्र हो। विगतका सरकारका नातावाद, कृपावाद र प्रतिशोधपूर्ण कार्यशैलीलाई नदोहोऱ्याई नयाँ मानक स्थापना गर्नु।

जब नेतृत्वले स्वार्थको द्वन्द्व त्यागेर मेरिटोक्रेसीलाई शासनको मूल मन्त्र बनाउँछ, तब मात्र कर्मचारीतन्त्र र नागरिकमा राज्यप्रतिको भरोसा पुनर्स्थापित हुन्छ । सँगै, सूचनाको हकलाई केवल कानुनी अधिकारका रुपमा मात्र होइन, शासकीय पारदर्शिताको कसीका रूपमा प्रयोग गरिनुपर्छ। सरकारका हरेक खर्च र निर्णय प्रक्रियालाई डिजिटल अडिट ट्रेल मार्फत पारदर्शी बनाउँदै नागरिकलाई सेवा प्रवाहको सह-उत्पादकका रूपमा स्थापित गरिनुपर्छ ।

वर्तमान सरकारले देखाएको राजनीतिक इच्छाशक्ति सुशासनको गाडीका लागि एउटा बलियो ल्युब्रिकेन्ट त हो, तर गाडीको इन्जिन भने अटोमेटेड ढाँचामा चल्नुपर्छ। १०० बुँदे कार्यसूची आफैँमा ऐतिहासिक छ, तर यसलाई केवल नेतृत्वको इच्छामा मात्र टिकाइयो भने यो फेरि अर्को विश लिस्टमा सीमित हुनेछ ।

हामीलाई यस्तो प्रणाली चाहिएको छ जहाँ निष्पक्ष नियुक्ति र जवाफदेही कार्यमूल्याङ्कन होस् । सार्वजनिक खरिद र पूर्वाधार विकासमा पूर्ण पारदर्शिता होस् । जेन-जी पुस्ताले खोजेको जस्तो नतिजामा आधारित शासकीय प्रविधि लागू होस् ।

नयाँ नेतृत्वले यो ऐतिहासिक फड्को मार्न तयार हुनैपर्छ। बालेन शाहको नेतृत्वको यो सरकारले केवल प्रक्रिया मात्र होइन परिणाम दिएर नागरिकका सपनालाई मूर्त रूप दिन र राजनीतिमा नयाँ मानक स्थापना गर्न सक्छ ।

*(अधिकारी एकाउन्टेबिलिटी ल्याबका सह-संस्थापक तथा सुशासन मार्गचित्र २०८२ तयारी समितिका सदस्य हुन् । स्रोत: अनलाईनखबर)*

# उद्योग संघ मकवानपुरको अध्यक्षमा मास्के

**समाज संवाददाता**

हेटौँडा : उद्योग संघ मकवानपुरमा श्रीहरि मास्केको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरिएको छ । बिहिबार सम्पन्न संघको २४ औं साधारणसभा तथा १८ औं अधिवेशनले मास्केको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा किशोर अर्याल, उपाध्यक्षमा सुयशराज पराजुली, महासचिवमा शिरोमणि प्याकुरेल, सचिवमा बुद्धराज अर्याल, कोषाध्यक्षमा दिवस चौलागाईं तथा सह-कोषाध्यक्षमा शरदचन्द्र भट्टराई चयन हुनुभएको छ । यस्तै सदस्यहरुमा ज्ञानराज लामा, सबिना सडौला, कृष्ण प्रसाद न्यौपाने, लिलाचन्द्र तिमल्सिना, प्रल्हाद घिमिरे, कुमार श्रेष्ठ र बजरंग सिँह तनवर रहनुभएको छ। साधारणसभाको उद्घाटन गर्दै उद्योग परिसंघका अध्यक्ष वीरेन्द्र राज पाण्डेले आयात प्रतिस्थापनका लागि सरकारले तयारी सामग्री र कच्चा पदार्थमा फरक दरले भन्सार निर्धारण गर्नुपर्ने बताउनुभएको छ। सरकारले कच्चा र तयारी सामग्रीहरुमा उस्तै दरमा भन्सार लगाउदा उत्पादनपछि नेपाली सामग्रीको मुल्य बढ्न गई आयातित तयारी सामग्री भन्दा नेपाली सामान महङ्गोमा बिक्रि गर्न बाध्य भएकोले नेपाली सामग्रीहरुको बजारीकरणमा समेत ठुलो समस्या झेलिरहेको बताउँदै अध्यक्ष पाण्डेले कच्चा पदार्थको भन्सार दरमा दुइतिहाइ कम भएमात्र उत्पादनपछि बिदेशी सामग्रीसँग प्रतिस्पर्धा गर्न सकिने उल्लेख गर्नुभयो।

उहाँले राज्यले उत्पादनमुलक उद्योग र व्यापारिक प्रतिष्ठानको फरक बुझेर नीति बनाउनुपर्ने बताउनुभयो । उत्पादनले निर्यात व्यापार समेतलाई टेवा दिने भएकोले देशको आर्थिक खम्बा बलियो हुने उहाँको निष्कर्ष छ । उहाँले आत्मनिर्भर अर्थतन्त्रका लागि नीतिगत तथा कानुनी सुधार समेत आवश्यक रहेकोमा जोड दिनुभयो । औद्योगिक विकासलाई असर पर्ने असान्दर्भिक २८ वटा ऐन संशोधन तथा ५ ऐन खारेज गर्नुपर्ने बताउँदै सार्वजनिक खरिद ऐनलाई समयसापेक्ष बनाउन सरकारसँग पनि उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रत्येक दुई वर्षमा प्रदान गरिँदै आएको पत्रकारिता पुरस्कार यस वर्ष मकवानपुरकी पत्रकार भावना रिजाललाई नगद १५ हजार रुपैयाँसहित प्रदान गरिएको थियो । यस्तै वडा नं ९ स्थित प्रगति माबिलाई १० हजार रकमको मायाको चिनो प्रदान गरिएको थियो । उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्य तथा उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामा, बागमती प्रदेश उद्योग परिसंघका वरिष्ठ उपाध्यक्ष दिवस न्यौपाने, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाई, आन्तरिक राजश्व कार्यालयका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदी, नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघका उपाध्यक्ष सुदिप घिमिरे लगायतको आतिथ्यता थियो । संघमा हाल मकवानपुर जिल्लाका विभिन्न स्थानमा रहेका १ सय ५० उद्योगहरु आबद्ध रहेका छन् ।

## बागमती प्रदेशसभा...

संविधानले प्रदेशलाई दिएको एकल अधिकार प्रयोग गर्न नपाउँदा विकासका कामहरु ठप्प भएको उनले बताइन् । केन्द्रले प्रहरी प्रशासन र कर्मचारी संयन्त्रमा अझै पनि मुट्ठी कसेको भन्दै संघीयताको मर्म अनुसार अधिकार हस्तान्तरण गर्न उनले माग गरिन् । 'हाम्रा सीमाहरु मिचिएका छन् । लिपुलेक र कालापानीको समस्या जस्ताको तस्तै छ। तर यस्ता गम्भीर विषयमा अध्ययन अनुसन्धान गर्ने वा विद्यालयको पाठ्यक्रममा राख्ने काममा संघीय सरकारले चासो देखाएको छैन। राष्ट्र जोगाउनु हाम्रो मूल मन्त्र हुनुपर्छ । तर केन्द्र सरकार सत्ता र शक्तिको खेलमा मात्र व्यस्त छ ।' उनले भनिन् ।


## Bagamati Provincial Assembly Secretariat

Hetauda, Nepal

**Invitation for Sealed Quotation**

*(Date of publication: 2082-12-27 (2026-04-10))*

The Bagamati Provincial Assembly Secretariat, Hetauda, Nepal invites only electronic bids from eligible bidders under Sealed Quotation(SQ) for listed item.

| IFB No. | Particulars | Bid Security Amount | Bid Fees |
|---|---|---|---|
| BPAS/SQ/Goods/01/2082/83 | Supply, Delivery and Installation of Furniture and Fixtures | NRs. 35,000 | NRs. 1,000 |

For more information visit provincialassembly.gov.np or PPMO e-GP system www.bolpatra.gov.np/egp








## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**



## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौँडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौँडा-४, मकवानपुर**



## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
**हेटौँडा रिफरेन्स ल्यावरोटरी**
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## प्रधानमन्त्री कप क्रिकेट

# विनोदको शतकमा आर्मी क्लबको छैठो जित




*पुलिस क्लबका ललित राजवंशी प्लेयर अफ द म्याचको ट्रफी ग्रहण गर्दै ।*

समाज संवाददाता

हेटौंडा : जारी प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बिहीबार भएको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । कप्तान विनोद भण्डारीले शतकीय पारी खेल्दा आर्मी क्लबले सुदूरपश्चिम प्रदेशलाई ७ विकेटले पराजित गरेको छ । सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै आर्मी क्लबले जारी प्रतियोगितमा आफ्ना अविजित यात्रा कायमै राखेका छन् ।

जनकपुरको रामजनकी क्रिकेट मैदानमा भएको खेलमा टस जितेर सुरुमा ब्याटिङ रोजेको सुदूरपश्चिम प्रदेशले विभागीय टोली आर्मी क्लबलाई १५१ रनको लक्ष्य दिएको थियो। सुदूरपश्चिम प्रदेश ३८ ओभर १ बलमा १५० रनमा अलआउट भएको थियो । सुदूरपश्चिमका नारायण जोशीले ६३ रन र अभिषेक पालले २४ रन बनाए भने अन्य ब्याटरहरुले राम्रो प्रदर्शन गर्न सकेनन्। आर्मी क्लबका बसिर अहम्दले ५ विकेट, साहब आलम र अकाश चन्दले समान २/२ विकेट लिए ।

जवाफी ब्याटिङ गरेका आर्मी क्लबले ३ विकेट गुमाएर लक्ष्य भेटाउन सफल भयो। आर्मी क्लबले २० ओभर २ बलमा ३ विकेट गुमाएर लक्ष्य भेटाएको हो । आर्मी क्लबका कप्तान विनोद भण्डारीले १०० रन बनाएर आउट भए भने कुशल मल्लले अविजित २६ रन जोडे । सुदूरपश्चिमका कप्तान शेर मल्लले २ विकेट र मिलन बोहराले १ विकेट लिए । आर्मीको जितमा नायक भूमिका खेलेका कप्तान भण्डारी प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा आर्मी क्लबको यो छैठो जित हो भने सुदूरपश्चिम प्रदेशको यो तेस्रो हार हो ।

यस्तै, बिहीबार विरगंजमा भएको अर्को खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई पराजित गरेको छ । विरगंजको नारायणी रङशालामा भएको खेलमा विभागीय टोली नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई २६२ रनको लक्ष्य दिएको थियो । टस जितेर सुरुमा ब्याटिङ गरेका पुलिस क्लबले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २६१ रनको बनाएको थियो । पुलिस क्लबका दिनेश खरेलले ८२ रन, अमित श्रेष्ठले ३० रन र राशिद खानले २४ रन बनाए । कर्णालीका प्रकाश जैशीले ३ विकेट, अनुज कुमार चानर र दिनेश अधिकारीले समान २/२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेका कर्णाली प्रदेश ४९ रनले पराजित भएको हो । कर्णाली प्रदेश ४५ ओभरमा २ बलमा २१३ रनमा अलआउट भएको थियो । कर्णालीका लागि अर्जुन धर्ति मगरले ४६ रन, सुनिल धमलाले ३४ रन र विपिन रावलले २८ रन बनाए । पुसिल क्लबका ललितनारायण राजवंशीले ५ विकेट र करण केसीले ३ विकेट लिए । जारी प्रतियोगितामा हालसम्म ८ खेल खेलेको पुलिस क्लबको यो चौथो जित हो भने समान ८ खेल खेलको कर्णालीको यो छैठो हार हो । उत्कृष्ट बलिङ गर्दै ५ विकेट लिएका पुलिस क्लबका राजवंशी प्लेयर अफ द म्याच घोषित भए ।

जारी प्रतियोगितामा ७ खेलबाट १३ अंकसहित विभागीय टोली आर्मी क्लब अंक तालिकाको शिर्ष स्थानमा रहेको छ भने ८ खेलबाट १० अंकसहित सुदूरपश्चिम प्रदेश दोस्रो स्थानमा रहेको छ । यसैगरी ७ खेलबाट नेपाल पुलिस क्लब ९ अंकसहित तेस्रो स्थानमा र ८ खेलबाट ३ अंकसहित कर्णाली प्रदेश पुच्छारबाट तेस्रो अर्थात आठौं स्थानमा रहेको छ ।

# साधारण धारको एसईई सम्पन्न

समाज संवाददाता

हेटौंडा : साधारण धारको माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८२ सम्पन्न भएको छ । साधारणतर्फको परीक्षा बिहीबार सकेको छ भने प्राविधिक धारको परीक्षा आईतबारसम्म चल्नेछ । बिहीबार भएको ऐच्छिक दोस्रो पत्रको परीक्षामा मकवानपुर जिल्लामा १२९ जना परीक्षार्थी अनुपस्थित भएका छन् । परीक्षामा ५ हजार ६ सय ८१ जना परीक्षार्थी उपस्थित हुँदा १२९ जना अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरले जानकारी दिएको छ ।

बिहीबार साधारणतर्फ अन्तिम परीक्षा भएको हो भने प्राविधिक धारको परीक्षा २९ गतेसम्म हुनेछ । परीक्षामा नियमित परीक्षार्थीहरुमध्ये साधारणतर्फ ५ हजार २७८ जना उपस्थित र ७६ जना अनुपस्थित भएका छन् भने प्राविधिक धारतर्फ १७९ जना उपस्थित हुँदा ३ जना अनुपस्थित भएका छन् । यस्तै ग्रेडवृद्धितर्फ २ सय २४ जना उपस्थित हुँदा ५० जना अनुपस्थित भएका छन् । मकवानपुरमा २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भएको थियो । साधारणतर्फ परीक्षा २७ केन्द्रमा सञ्चालन भएको थियो भने प्राविधिक धारको परीक्षा हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको छ । प्राविधिक धारतर्फ मकवानपुरमा नियमित १७९ जना परीक्षामा उपस्थित हुँदा ३ जना अनुपस्थित हुने गरेका छन् ।

## जीतपुर-सिमरा क्रिकेट कप

# दोस्रो खेलमा मकवानपुर २ विकेटले पराजित

समाज संवाददाता

हेटौंडा : बाराको जीतपुर-सिमरामा जारी तेस्रो जीतपुर-सिमरा क्रिकेट कप टि-२० प्रतियोगितामा मकवानपुर क्रिकेट क्लब पराजित भएको छ । बिहीबार प्रतियोगिताको आफ्नो दोस्रो खेलमा चितवनसँग २ विकेटले पराजित भएको छ ।

बिहीबार भएको खेलमा मकवानपुरले चितवनलाई १३४ रनको लक्ष्य दिएको थियो । टस जितेर सुरुमा ब्याटिङ गरेको मकवानपुरले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १३३ रन बनाएको थियो । मकवानपुरका लागि रोहित ठाकुरले अविजित २८ रन बनाए भने रामनरेश गिरीले २७ रन र कप्तान गौरभ खड्काले २१ रन जोडे । चितवनका दिपेश श्रेष्ठले ३ विकेट, सुदि अर्याल र क्रिजन गुरुङले समान २/२ विकेट लिएका थिए । जवाफी ब्याटिङ गरेको चितवनले १९ ओभर २ बलमा ८ विकेट गुमाएर लक्ष्य भेटाएको हो । चितवनका देनिल गुरुङले ३१ रन र रिजन काफ्लेले २६ रन बनाए । मकवानपुरका विशाल फुयालले ३ विकेट, रोहित ठाकुर र रामनरेश गिरीले समान २/२ विकेट लिए ।

यसअघि मंगलबार प्रतियोगिताको आफ्नो पहिलो खेलमा मकवानपुरले आयोजक जीतपुर-सिमरा स्पोर्टस क्लबलाई ६ रनले पराजित गरेको थियो । जीतपुर-सिमरा स्पोर्टस् क्लबको आयोजनामा चैत २१ गतेदेखि सुरु भएको प्रतियोगितामा ६ वटा टोलीको सहभागिता रहेको छ । सहभागी टोलीहरुलाई दुई वटा समूहमा बाँडिएको छ । समूहमा 'ए' मा मकवानपुरसँगै, चितवन र आयोजक टिम रहेको छ भने समूह 'बि' मा बारा, पर्सा र सर्लाही रहेको छ । दुवै समूहका विजेता बीच आउँदो शनिबार प्रतियोगिताको फाइनल खेल हुनेछ ।

समूह 'बि' बाट सर्लाही फाइनलमा प्रवेश गरिसकेको भने समूह 'ए' बाट फाइनल पुग्ने टोलीको टुङ्गो लाग्न बाँकी छ । प्रतियोगिताको उपाधि विजेता टोलीले २ लाख र उपविजेता टोलीले १ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

# पत्रकार मायालु र रविराज सम्मानित



*मायालु लामा र रविराज रिमाललाई सम्मानपछि खिचिएको तस्वीर ।*

काठमाडौं : स्वतन्त्र पत्रकार संघ नेपाल जिल्ला शाखा काठमाडौंले पत्रकार मायालु लामा र रविराज रिमाललाई सम्मान गरेको छ । विहिबार गोंगबुमा आयोजित एक कार्यक्रममा पत्रकार लामा र रिमाललाई सम्मान गरेको हो । संघले सम्मान पत्र तथा नगदसहित सम्मान गरेको हो ।

लामो समयदेखि सामाजिक कार्यमा सक्रिय तथा रेडियो क्रान्तिकी सम्पादक लामाले विगत लामो समयदेखि विभिन्न जिल्लाका चेपाङ, मुसहर, वनकरिया लगायत समुदायका बालबालिका तथा महिलाहरुका लागि कहिले शैक्षिक सामग्री त कहिले उनीहरुलाई खाद्यान्नका साथै महिलाहरुका लागि स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु गर्दै आउनु भएको छ । पत्रकार लामा सामाजिक तथा मानवीय सेवासँगै महिला तथा बालबालिकाको हकहितका क्षेत्रमा लामा एकदमै क्रियाशील हुनुहुन्छ ।

लामासँग विभिन्न संघ संस्थाको सहकार्यमा विदेशमा गएर अलपत्र परेका महिलालाई नेपाल फर्काउने देखि महिला हिंसा न्युनिकरण, दलालहरु मार्फत बेचिन पुगेका महिला तथा बालबालिकालाई फिर्ता ल्याउनुका साथै बालश्रम न्युनिकरण लगाएत थुप्रै कामहरुको अनुभव छ । स्वतन्त्र पत्रकार संघ नेपाल जिल्ला शाखा काठमाडौंका अध्यक्ष कृष्णराज तिमल्सिनाको सभापतित्व तथा प्रा. डा. सुरेन्द्र केसीको प्रमुख आतिथ्यमा नयाँ वर्षको शुभकामना आदान प्रदान तथा स्वतन्त्र पत्रकारहरुलाई सम्मान कार्यक्रममा गरिएको हो ।

कार्यक्रममा टोखा नगरपालिका वडा नं. ९ का अध्यक्ष रामभक्त घिमिरे, विनायक अस्पतालका प्रबन्ध निर्देशक तथा भरत प्रसाद लामिछाने स्मृति प्रतिष्ठानका अध्यक्ष केपी लामिछाने, संघका केन्द्रीय महासचिव सुरेश श्रेष्ठ, वरिष्ठ पत्रकारहरू श्रीराम पुडासैनी र इन्दुल केसी, संघका ललितपुर अध्यक्ष सरिता थपलिया र पूर्व अध्यक्ष उपेश नैवाग, सल्लाहकार कृष्ण सापकोटा, राष्ट्रिय अभिभावक संघका केन्द्रीय सदस्य गोविन्द प्रसाद भूषाल, आम नेपाली टेलिभिजनका सञ्चालक डोल प्रसाद थापा लगायतले शुभकामना मन्तव्य राख्नु भयो ।

कार्यक्रममा कृष्णराज तिमल्सिनाले पत्रकारिता जगत पूर्णरूपमा स्वतन्त्र हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "जबसम्म पत्रकारिता स्वतन्त्र हुँदैन, तबसम्म यसले आफ्नो वास्तविक धर्म निर्वाह गर्न सक्दैन । स्वतन्त्र पत्रकारहरूलाई संगठित गर्दै उनीहरूको हकहित र प्रोत्साहनका लागि स्वतन्त्र पत्रकार संघ नेपाल जिल्ला शाखा काठमाडौं सदैव क्रियाशील रहनेछ ।" कार्यक्रममा संयोजक एवं काठमाडौं जिल्ला शाखाका पूर्व उपाध्यक्ष सावित्रा बस्नेतले सम्मानित व्यक्तित्वहरूको योगदान र संघले प्रदान गर्दै आएको 'स्वतन्त्र पत्रकार सम्मान'को महत्वबारे प्रकाश पार्नुभएको थियो । उहाँले संघले पत्रकारितामा क्रियाशील श्रमजीवीहरूको मनोबल बढाउन निरन्तर यस्ता सम्मान कार्यक्रम गर्दै आएको समेत जानकारी दिनुभयो ।

# जर्नलको सातौं संस्करण सार्वजनिक

समाज संवाददाता

हेटौंडा : जर्नल अफ बिजनेस एण्ड सोसल साइन्सेसको सातौं संस्करण सार्वजनिक भएको छ । हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेस (एचएसएम) ले बुधबार जर्नल अफ बिजनेस एण्ड सोसल साइन्सेसको सातौं संस्करण सार्वजनिक गरेको हो ।

बुधबार एक कार्यक्रमका बीच म्यानेजमेन्टका प्रिन्सिपल पुरन बहादुर जोशी र सहायक प्रिन्सिपल रामपण्डित खनालले जर्नल विमोचन गर्नुभयो । जर्नलमा कृत्रिम बुद्धिमता र सामाजिक सञ्जालको प्रभाव, लगानीकर्ताको मनोविज्ञानको विश्लेषण, मानव संसाधन व्यवस्थापनका अभ्यासहरु, उद्यमशीलता अभिमुखीकरण, साँस्कृतिक अभ्यासहरु, जलवायु वित्त लगायतका समसामयिक विषयवस्तु समेटिएको छ । यस संस्करणमा ८ वटा अनुसन्धानमूलक लेखहरु समावेश गरिएको छ । उक्त कार्यक्रम सेन्टर फर रिसर्च एण्ड पब्लिकेसनका प्रमुख नारायण कुमार बुढाथोकीको नेतृत्वमा भएको थियो ।

म्यानेजमेन्टले सन् २०१८ देखि यो जर्नल प्रकाशन सुरु गरेको हो । विद्यालयले जर्नललाई नेपाल जर्नल्स अनलाइनमा पनि प्रकाशन गरेको छ । यसले विद्यार्थी, प्राध्यापक तथा अनुसन्धानकर्ताहरुका लागि ज्ञान अदानप्रदान र अनुसन्धान प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विद्यालय प्रशासनले विश्वास लिएको छ ।

# मकवानपुरका उम्मेदवारहरु सबैको चुनाबी खर्च २ करोड माथि

जानीमाया सापकोटा

हेटौंडा : फागुन २१ गते सम्पन्न प्रतिनिधीसभा सदस्य निर्वाचनमा मकवानपुरका भाग लिएका सबै उम्मेदवारहरुले निर्वाचन खर्च बिवरण निर्वाचन कार्यालय समक्ष बुझाएका छन् । मकवानपुरका दुवै निर्वाचन क्षेत्रका ४४ जना उम्मेदवारहरु सबैले समयसिमाभित्रै आ-आफ्ना चुनावी खर्च विवरण बुझाएका हुन् । जिल्लाका ४४ जना उम्मेदवारहरुले कुल २ करोड ७ लाख ५६ हजार रुपैयाँ चुनावी खर्च गरेको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जनाएको छ ।

मकवानपुरको निर्वाचन क्षेत्र नं. १ मा ८ जना स्वतन्त्र सहित २३ जना उम्मेदवारहरु निर्वाचनमा सामेल भएका थिए । निर्वाचन क्षेत्र नं १ बाट सबैभन्दा बढी खर्च नेपाली काँग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय डिना ले ३१ लाख ६४ हजार खर्च भएको विवरण बुझाएकी छिन् । निर्वाचनमा बिजयी भएका राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश गौतमले १० लाख ८६ हजार ८ सय रुपैयाँ खर्च प्रस्तुत गर्नुभएको छ । यस्तै नेकपा एमालेका रामेश्वर राना मगरले १५ लाख ८८ हजार रुपैयाँ, नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार बिजय गौतमले २१ लाख ८९ हजार, राष्ट्रिय प्रजातन्त्र पार्टीका दिपक बहादुर सिँहले ७ लाख ५६ हजार , श्रम सँस्कृति पार्टीकी उम्मेदवार बिद्या श्रेष्ठ महर्जनले १ लाख ५६ हजार, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले १ लाख ४९ हजार, प्रगतिशिल लोकतान्त्रिक पाटीृका तेज प्रसाद उप्रेतीले १ लाख ४५ हजार, मंगोल नेशनल अर्गनाइजेशनका युवराज लामाले १ लाख ४३ हजार तथा स्वतन्त्र उम्मेदवार अमिक परियारले १ लाख ४३ हजार खर्च विवरण देखाएका छन् ।

यि बाहेक ५० हजार माथि १ लाख सम्म खर्च गर्ने उम्मेदवारहरु ३ जना रहेका छन् । जसमध्ये स्वतन्त्र उम्मेदवारहरु प्रमिला कुमारी खतिवडा, राजकुमार खड्का र जनता समाजवादी पार्टी नेपालका उम्मेदवार रुपक लामा रहेका छन् । लामाले ५९ हजार रुपैयाँ खर्च भएको जनाएका छन् । यि बाहेक स्वतन्त्र उम्मेदवारहरु राकेश कुमार शर्मा, टिका प्रसाद चौलागाई, मठु पुलामी, राजाराम बोगटी, ज्ञानसागर लामा र अमर दंगाल सहित नेकपा माओवादीका उम्मेदवार महेश नेपाली, जसपाका दिपक सिन्तानले ५० हजार भन्दा कम खर्च गरेको विवरणबाट देखिन्छ ।

यस्तै निर्वाचन क्षेत्र नं २ बाट २१ जनाले उम्मेदवारी दिएकोमा सबैभन्दा बढी खर्च नेकपा एमालेका उम्मेदवार महेश बर्तौलाले देखाउनुभएको छ । उहाँले निर्वाचनमा ३१ लाख ७१ हजार रुपैयाँ खर्च भएको विवरण पेश गर्नुभएको छ । यस्तै निर्वाचनका बिजयी प्रशान्त उप्रेतीले २७ लाख ९८ हजार खर्च भएको जनाउनुभएको छ । निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टीका लवशेर बिष्टले १९ लाख ९८ हजार , नेपाली काँग्रेसका बुद्ध लामाले १४ लाख ६२ हजार, राष्ट्रिय प्रजातन्त्र पार्टीका राम बहादुर थोकरले ३ लाख ८७ हजार, संयुत्तः नागरिक पार्टीका शुभराज प्रजाले ३ लाख ८२ हजार , प्रगतिशिल लोकतान्त्रिक पार्टीका सन्तोष बिष्टले ३ लाख ३ हजार, श्रम संस्कृति पार्टीका युनेश लामाले १ लाख १५ हजार, मंगोल नेशनल अर्गनाइजेसनका हिरालाल स्याङतानले १ लाख ५६ हजार, उज्यालो नेपाल पार्टीका प्रबिन कुमार स्याङतानले १ लाख ३३ हजार र स्वतन्त्र उम्मेदवार सिता माया बलले १ लाख ६ हजार खर्च विवरण निर्वाचन कार्यालय मा पेश गरेका छन् ।

यस्तै नेशनल रिपब्लिक नेपालका सुर्य तामाङले ५८ हजार रुपैयाँ खर्च गरेका छन् भने बाँकी उम्मेदवारहरुले ५० हजार भन्दा कम खर्च गरेको देखिन्छ । ५० हजार भन्दा कम खर्च गर्नेहरुमा स्वतन्त्र उम्मेदवारहरु कृष्णराम श्रेष्ठ, प्रतिक्षा बानियाँ, अमृत बल रहेका छन् । यस्तै राष्ट्रिय जनमोर्चा नेपालका निर बहादुर सिन्तान, जनता समाजवादी पार्टीका छबिलाल वाइबा, नेकपा एमालेमा रमेश आचार्य, आम जनता पाटीृका सुर्य राइ, नेकपा माओवादीका राम घलान रहेका छन् । सबै दल तथा स्वतन्त्र उम्मेदवारहरुले खर्च बिबरण बुझाएपनि नेपाल मजदुर किसान पाटीका दुवै क्षेत्रका उम्मेदवारहरुले चुनावी खर्च विवरण बुझाएका छैनन् । सो पार्टीको बिधान अनुसार उम्मेदवारहरुले आफैंले छुट्टै चुनावी खर्च गर्न नपाउने र चुनावी खर्च पार्टीको केन्द्रले निर्णय गरि गर्ने हुनाले निर्वाचन आयोगलाई नै बुझाउने गरेको निर्वाचन कार्यालयका प्रमुख निर्वाचन अधिकारी हरि प्रसाद ढकालले जानकारी दिनुभयो ।

# 'अपरेशन ड्रप' मा थप ६ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : जिल्ला प्रहरी कार्यालय मकवानपुरले सञ्चालन गरेको विशेष सुरक्षा अभियान 'अपरेशन ड्रप' मा थप ६ जनालाई नियन्त्रणमा लिएको छ । बुधबार प्रहरीले हेटौंडा उपमहानगरपालिका तथा आसपासका क्षेत्रबाट केहीबाट लागूऔषध गाँजाको धुलो, ट्रामाडोल तथा हेरोइन बरामद गरिएको छ भने केही लागूऔषध सेवनकर्तालाई नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ पर्नेहरूमा हेटौंडा-१ चौकीटोलका २५ वर्षीय नवीन बागदास र २३ वर्षीय रोशन सेवा रहेका छन् । प्रहरीले उनिहरुको साथबाट एक सय ग्राम लागूऔषध गाँजा बरामद गरेको छ । त्यस्तै हेटौंडा-११ थानाभञ्याङका २८ वर्षीय राम थिङको साथबाट लागूऔषध ट्रमाडोल बरामद भएको छ भने हेटौंडा-१५ फायरलाइनका ३५ वर्षीय डम्बर बहादुर थापाको साथबाट लागूऔषध खैरोहेरोइन बरामद गरेको प्रहरीले जानकारी दिएको छ । लागूऔषध सेवन कर्ता ३४ वर्षीय सहदेव भोलन र ३१ वर्षीय क्षितिज थिङलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । ६ जनालाई नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यस्तै मंगलबार प्रहरीले अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न ८ जना तथा लागूऔषध सेवन गर्ने १२ जनालाई नियन्त्रणमा लिएको थियो ।

# एकेडेमीले सूर्यनगर गोल्ड कप खेल्ने

समाज संवाददाता

हेटौंडा : हेटौंडा फुटबल एकेडेमी १० औं सूर्यनगर गोल्ड कप-२०८२ खेल्ने भएको छ । हेटौंडा फुटबल एकेडेमीले प्रतियोगिताको उद्घाटन खलमा शुक्रबार (आज) चितवनको हर्दि युवा समाजसँग प्रतिस्पर्धा गर्नेछ ।

नवलपरासी (बर्दघाट सूस्ता पूर्व) को बर्दघाट-१६ स्थित सूर्यनगरको श्री नव युवा क्लबको आयोजना तथा बर्दघाट नगरपालिकाको संरक्षत्वमा सञ्चालित यस अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगितामा हेटौंडा एकेडेमी सहित ८ वटा टोलीले सहभागिता जनाउनेछन् । प्रतियोगिता बैशाख ४ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको उपाधि विजेता टोलीले ६ लाख ६६ हजार ६६६ रुपैयाँ र उपविजेता टोलीले ३ लाख ३३ हजार ३३३ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रत्येक खेलमा म्यान अफ द म्याच हुने खेलाडीका लागि पनि पुरस्कार व्यवस्था गरिएको छ ।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ